# अखिल नेपाल फुटवल संघ

ए डिभिजन राष्ट्रिय फुटसल लिग २०७८

<u>**प्रतियोगिता नियमावली**</u>

परिच्छेद-१

<u>प्रारम्भिक</u>

**नियम (१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस प्रतियोगिताको नाम एन्फा फुटसल राष्ट्रिय लिग २०७८ रहनेछ । प्रतियोगितामा एन्फाले प्रायोजकको टाईटल नाम तथा प्रतियोगिताको नामको अगाडी प्रायोजकको नाम निर्वाध रुपले राख्न सक्नेछ ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**नियम (२) परिभाषा :**

विषय वा : प्रसंगले अर्को अर्थ नलागेमा,

क) “एन्फा वा संघ” भन्नाले अखिल नेपाल फुटवल संघलाई सम्झनु पर्दछ ।

ख) “फुटसल समिति” भन्नाले संघ अन्तर्गत गठित एन्फा फुटसल समितिलाई सम्झनु पर्दछ ।

ग) “प्रतियोगिता समिति” भन्नाले फुटसल समितिले प्रतियोगिता संचालनार्थ गठित विभिन्न समितिहरु जस्तै प्रतियोगिता समिति, अनुशासन समिति, रेफ्रि समिति आदिलाई सम्झनु पर्दछ ।

घ) “प्रतियोगिता” भन्नाले ए डिभिजन राष्ट्रिय फुटसल लिग २०७८ लाई मात्र लाई सम्झनु पर्छ ।

ङ) “क्लव वा टिम” भन्नाले संघमा फुटसल खेल्न रितपूर्वक दर्ता भै ए डिभिजन राष्ट्रिय लिग २०७८ मा सहभागी हुने क्लव वा टिमलाई मात्र सम्झनु पर्दछ ।

परिच्छेद -२

<u>आयोजक प्रविधि तथा खेल संचालन</u>

**नियम (१) आयोजक तथा व्यवस्थापक**

यस प्रतियोगिताको आयोजक अखिल नेपाल फुटवल संघ एक मात्र आधिकारीक आयोजक संस्था हुनेछ र प्रतियोगिता सम्बन्धि सम्पूर्ण प्राविधिक व्यवस्थापनको उत्तरदायित्व फुटसल समितिले वहन गर्दछन ।

**नियम (२) खेल स्थल तथा संचालन मिति**

प्रतियोगिताका सम्पूर्ण खेलहरु संघले निर्धारण गरेको खेलमैदानमा संचालन गरिनेछ ।

**नियम (३) समितिहरु**

आयोजक समिति अन्तर्गत विभिन्न समितिहरु गठन गर्ने अधिकार एन्फामा निहित रहनेछ ।

**नियम (४) सहभागिता**

जिल्ला फुटवल संघसँग आवद्ध रहेका/राष्ट्रिय खेलकुद परिषदमा दर्ता रहेका र जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेका तथा ए, बि, र सि डिभिजन क्लवहरुले फुटसल क्लव तोकिएको समयमा रितपूर्व दर्ता गरि ए डिभिजन राष्ट्रिय फुटसल लिग २०७८ मा सहभागिता जनाउन पाउनेछन । त्यस्ता क्लवहरुले आधिकारीक रुपमा नेपाल सरकारमा दर्ता भई, प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्र समेत लिएको हुनु पर्नेछ सोको प्रतिलिपि सहित दर्ता गराउनु पर्नेछ ।

**नियम (५) टिम दर्ता**

यस प्रतियोगितामा सहभागिता हुने टिम/क्लवले टिम दर्ता शुल्क रु १०,०००/- बुझाउनु पर्ने छ ।

**नियम (६) खेलाडी तथा अफिशियल दर्ता**

१) अखिल नेपाल फुटबल संघद्धारा जारी यस प्रतियोगितामा नियमावलीको अधिनमा रहि यस छनौट प्रतियोगितामा सम्बन्धित टिम/क्लबबाट १० जना खेलाडी १/१ कोच/व्यवस्थापक क्वालिफायर चरण र फाइनल राउन्डमा उत्कृष्ठ दशमा छनौट भएका क्लवमा खेलाडी १४ जना, १ कोच, १ व्यवस्थापक, १ फिजिसियन दर्ता गर्न पाउने छन् । सहभागी टिम/क्लवहरुले १० जना खेलाडी दर्ता गराई टिम इन्ट्रि गराई सकेपछि बाँकी खेलाडीहरु संघले प्रकाशित खेल तालिका अनुसार आफ्नो खेल हुने मिति भन्दा २४ घण्टा अगाडी सम्म दर्ता गारउन सक्नेछ ।

२) अन्तिम चरणमा प्रवेश गर्ने टिम/क्लवहरुले थप नयाँ ४ जना खेलाडिहरु दर्ता गर्न सक्नेछ । लिग चरणमा जम्मा १४ जना खेलाडी सम्म दर्ता गर्न सक्नेछ । छनौट चरणमा दर्ता भै लिग चरणमा छनौट नभएका टिमहरु मध्येबाट वा नयाँ खेलाडिहरु ४ जनासम्म दर्ता गराउन सक्नेछन । लिग चरणमा छनौट नभएका टिमका खेलाडिहरु लिग चरणको टिमबाट दर्ता गर्दा सम्बन्धित टिम/क्लवको स्वकृति पत्र अनिवार्य पेश गर्नु पर्दछ ।

३) दर्ता गर्ने खेलाडिहरुको नेपाली नागरिकता वा पासपोर्टको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

४) सहभागी टिमहरुले विदेशी नागरिकहरु खेलाडिको रुपमा दर्ता गराउन पाइने छैन ।

५) अन्तिम चरणको लागि मुख्य प्रशिक्षकको हकमा कम्तिमा पनि AFC Futsal Certificate Level 1 Course, AFC (A, B, C, License, वा राष्ट्रिय खेलकुद परिषदमा आवद्ध भएका फुटवल प्रशिक्षकहरु हुनु पर्नेछ । यदि कुनै पनि टिमको प्रशिक्षकको उल्लेखित योग्यता पुगेको छैन भने आगमी बर्षबाट अनिवार्य रुपले योग्यता पुगेको प्रशिक्षक दर्ता गर्ने प्रतिवद्धता जाहेरको पत्र पेश गर्नु पर्नेछ । त्यस भन्दा बाहेकका अफिशियलहरुमा (सहायक प्रशिक्षक, गोल किपर प्रशिक्षक, टिम डक्टर, फिजियो थेरापिष्ट र किट व्वाई)हरु मध्य हुनु पर्नेछ ।

**नियम (७) परिचय पत्र Accreditation Card**

१) यस प्रतियोगितामा सहभागी टिमका खेलाडीहरुले प्रत्येक दिन खेल खेल्नु अघि खेल्ने टिमका खेलाडीहरु र अफिसियलहरुले अनिवार्य रुपमा संघद्धारा वितरित परिचय पत्र (Accreditation Card) ल्याउनु पर्नेछ । खेल अगाडी खेल कमिश्नरले खेलाडीहरुको परिचय पत्र (Accreditation Card) जाँच गर्नेछ र यदि कुनै खेलाडि वा अफिसियलसँग परिचय पत्र (Accreditation Card) नभएमा त्यस्ता खेलाडीहरुले खेल खेल्न पाउने छैन । परिचय पत्र (Accreditation Card) नभएका वा खेल खेल्ने दिन परिचय पत्र साथमा लिई नआउने खेलाडी तथा अफिसियलहरुलाई Substitute Bench मा समेत बस्ने अनुमति दिईने छैन । कुनै टिमबाट दर्ता भएका खेलाडी वा अफिसियलले आफ्नो परिचय पत्र (Accreditation Card) हरायमा सम्बन्धित क्लवले संघमा लिखित निवेदन सहित जरिवाना स्वरुप रु. ३,०००/- (तिन हजार रुपौयाँ) संघमा बुझाई नयाँ परिचय पत्र (Accreditation Card) लिन सकिनेछ ।

२) प्रत्येक दिन खेल खेल्न दुई टिमका खेलाडीहरु र अफिसियलहरुले मात्र संघले प्रदान गरको परिचय (Accreditation Card) देखाई खेल मैदानमा प्रवेश पाउनेछ । प्रतियोगितामा सहभागी अन्य टिमका खेलाडिहरु तथा अफिसियलहरु संघले निर्धारण गरको स्थानमा मात्र प्रवेश गर्न पाउनेछन् । साथै अफिसियलहरुको लागि संघे तयार गरको फारम भरि परिचय पत्र (Accreditation Card) बनाउनु पर्नेछ । परिचय पत्र (Accreditation Card) नभएको अफिसियलहरुलार्य खेल मैदान र प्लेयर बक्समा समेत बस्न पाइने छैन ।

**नियम (८) खेल नियमावली**

प्रतियोगिताका सम्पूर्ण खेलहरु विश्व फुटवल महासंघ (FIFA) द्धारा, लागु गरेको संसोधित फुटसल ल अफ दि गेम ( Futsal Law of the Game), ए.एफ.सी.को फुटसल प्रतियोगिता नियमावली र आयोजक समितिद्धारा जारी यस नियमको अधिनमा रहि तथा यस नियमावलीलाई समेत लागु गरि खेलाईनेछ ।

**नियम (९) खेल प्रणाली**

यस प्रतियोगिताका सम्पूर्ण खेलहरु सहभागी टिमहरुले आधारमा दुई चरणमा खेलाइनेछ ।

१) पहिलो चरण सहभागि टिमहरुले आधारमा छनौट चरणको खेल खेलाइने छ । यसरी छनोट चरणका खेलहरु नकआउटको आधारमा खेलाइनेछ ।

२) अन्तिम चरणमा माथि उल्लेखित छनौट चरणका खेलहरुबाट उत्कुष्ट १० टिमहरुलाई छनौट गरि लिग प्रणालि अनुसार खेलाइनेछ । लिग चरण सम्पन्न भए पश्चात लिग राउडमा ४ उत्कृष्ठ स्थानका क्लवहरुले Knockout चरणमा प्रवेश गर्ने छन् ।

Knockout चरणमा ४ खेल हुनेछन् । पहिलो खेल लिग टेबलमा पहिलो स्थान र दास्रो स्थानको क्लव बिच हुनेछ । यस खेलमा जित हासिल गरेको क्लब (**Finalist 1)** सिधै फाइनल खेलमा प्रवेश गर्नेछ । हार्ने क्लव **(Semi Finalist 1)** भने सेमि फाइनलमा प्रवेश गर्नेछ । दास्रो खेल लिग टेबलमा तेस्रो स्थान र चौथो स्थानको क्लवको बिच हुनेछ । यस खेलमा जित हासिल गरेको क्लवले **(Semi Finalist 2)** सेमिफाइनलमा पहिलो खेलको हार भोगेको क्लबसँग **(Semi Finalist 1)** प्रतिसपर्धा गर्नेछ । सेमिफाइनलमा जित हासिल गर्ने क्लबले **(Finalist 2)**, पहिलो खेलमा जित हासिल **(Finalist 1)** गरि सिधै फाइनलमा प्रवेश गर्ने क्लवसँग प्रतिसपर्धा गर्नेछ । यसरी फाइनल खेलमा जित हासिल गर्ने क्लव पहिलो राष्ट्रिय फुटसल लिगको विजेता **(Winner)** हुनेछ ।

**नियम (१०) खेल तालिका**

यस प्रतियोगिताको खेल तालिका एन्फाले निर्धारण गर्नेछ । कुनै पनि आकस्मिक वा प्राविधिक कारण तथा महत्वपूर्ण खेलहरु मध्ये वा सो भन्दा बढी खेलहरु एकै पटक खेलाउनु परेमा खेल तालिकामा परिर्वत गरि खेलाउन सकिनेछ । खेल तालिका प्रकाशित गरे पश्चात खेलाडीहरुलाई सहज बनाउन खेल तालिका परिवर्तन गर्ने अधिकार एन्फा मा निहित रहनेछ ।

**नियम (११) खेल अवधि**

यस प्रतियोगिताका प्रत्येक खेल २०-२० मिनेटको दुई हाफ गरि जम्मा ४० मिनेट खेलाइने छ र १५ मिनेटको विश्राम दिइनेछ ।

**नियम (१२) अंक र स्थान निर्धारण**

क) छनौट चरणको नक आउट खेलहरुमा:

यस प्रतियोगिताको छनौट चरणका खेलहरु नकआउटको आधारमा खेलाइनेछ । यस नकआउटचरणमा निर्धारित समयमा पनि खेल बराबर भएमा अतिरिक्त ५-५ मिनेटको दुई हाफ गरि जम्मा १० मिनेटको समय पुरै खेल्नु पर्नेछ भने ५ मिनेटको विश्राम दिइनेछ तर खेल मैदान छाडेर बाहिर जान पाइने छैन । सो अतिरिक्त समयमा पनि खेल बरावर भएमा पेनाल्टी सुटआउटबाट खेलको निर्धारण गरिनेछ । प्रत्येक क्लवको ५ खेलाडीले पेनाल्टी सुटआउटमा भाग लिने छन् । ५/५ पेनाल्टी सुटआउटमा गोल किपर पनि परिवर्तन गर्न पाउनेछन् ।

ख) अन्तिम चरणको लिग खेलहरुमा:

१) यस प्रतियोगिताकृ लिग चरणमा प्रत्येक खेलमा विजयी हुने टिमलाई ३ अंक दिइनेछ । खेल बराबर भएमा दुवै टिमलाई १-१ अंक दिइनेछ भने हार्ने टिमले कुनै पनि अंक प्राप्त गर्ने छैन ।

२) प्रतियोगिताका सम्पूर्ण खेलहरुको समाप्ती पश्चात सबै भन्दा बढी अंक ल्याउने टिम वा क्लवलाई प्रथम तथा त्यस पछि क्रमिक रुपमा स्थान निर्धारण गरिनेछ ।

३) यदि २ वा २ भन्दा बढी टिमहरु बिच बराबर हुन गएमा एशियाली फुटवल महासंघले प्रतियोगिना नियमावलीमा निर्धारण गरे अनुरुप आधारमानि निम्न प्रक्रिया अनुसार स्थान निर्धारण गरिनेछ ।

   ३.१) सम्बन्धित टिमहरु (अंक बराबर भएको टिमहरु बिच मात्र) खेल नतिजाको आधारमा

   ३.२) सम्बन्धित टिमहरु (अंक बराबर भएको टिमहरु बिच मात्र) बिच गोल अन्तरको आधारमा (गरेको र खाएको गोल अन्तरबाट)

   ३.३) सम्बन्धित टिमहरु (अंक बराबर भएको टिमहरु बिच मात्र) बिचको खेलमा बढी गोल गरेको आधारमा

३.४) सबै खेलहरुको गोल अन्तरको आधारमा

३.५) सबै खेलहरुमा बढी गोल गरको आधारमा

३.६) माथी उल्लेखित प्रक्रियाहरुबाट पनि बराबर रहि दुवै टिमहरु खेल मैदानमा रहेको अवस्थामा पेनाल्टी सुटआउटबाट स्थान निर्धारण गरिनेछ ।

४) माथि उल्लेखित सबै प्रक्रियाबाट पनि स्थान निर्धारण हुन नसकेमा दुई टिम भएमा टस (TOSS) द्धारा र दुई भन्दा बढी भएमा गोला प्रथाद्धारा स्थान निर्धारण गरिनेछ ।

**नियम (१३) टाईम आउट**

खेल खेल्ने टिमहरु मध्ये कुनै पनि टिमले पहिलो हाफमा एक पटक र दास्रो हाफमा एक पटक मात्र एक मिनेटको टाईम आउट माग गर्न सकिनेछ । यसरी टाईम आउट गर्दा सहभागी टिमका अफिसियलहरुले तेस्रो रेफ्रि वा टाइम किपरलाई अनुरोध गरे पछि लिन सकिनेछ । टाइम किपरले बल आउटअफ प्ले भए पछि वा टिम अफिशियलले गरेको अनुरोध गरे पश्चात एक मिनेटको टाइम आउटको अर्को किसिमको हस्सल बजाई दिइनेछ ।

**नियम (१४) जर्सी कलर र किट्स**

१) फुटसल किट्स रेगुलेसन बमोजिम सहभागी टिमहरुले आ-आफ्नो जर्सी सेटको पछाडी (२५ देखी ३५ से.मि. अग्लो र ३ देखि ५ से.मि. अक्षरको मोटाई) र अगाडी (१० देखि १५ से.मि. अग्लो) का साथै हाफ पाईन्टको अगाडी पट्टी ( १० देखि १५ से.मि. अग्लो प्रष्टसंग जर्सी नम्बर लेखिएको हुनु पर्छ यदि सहभागी टिमहरुले टिमको प्रायोजकको लोगो जर्सीमा राख्ने भएमा जर्सीको अगाडी पट्टी २०० बर्ग से.मि. भन्दा नबढाई १० से.मि. अग्लो लोगो राख्न पाइनेछ र टिमको सह-प्रायोजकको हकमा मुख्य प्रायोजकको लोगो राखिसके पश्चात जर्सीको पछाडी वा जर्सीको स्लीभमा १०० बर्ग से.मि. सम्मको लागो राख्न पाइनेछ तर प्रतियोगितामा प्रतियोगिताको मुख्य प्रायोजकसँग मेल खाने प्रायोजक राख्न पाइने छैन । एउटा खेलाडीले दर्ता गरि सकेको जर्सी नं प्रतियोगिता अवधिभर सम्बन्धित खेलाडिले मात्र प्रयोग गर्नु पर्नेछ ।

२) प्रत्येक क्लवको दुई भिन्न रंगको (एक अर्कोसँग मूल नखाने) सेट जर्सी अनिवार्य हुनु पर्नेछ र आ-आफ्नो टिमको खेल हुने दिन दुवै सेट जर्सी खेल हुने दिनमा मौनमा अनिवार्य रुपमा पर्नेछ । जर्सी जुध्न गएमा निम्न प्राथमिकताको आधारमा जर्सी कलरको निणर्य गरिनेछ ।

क) टिम “ए”ले पहिलो कलरको जर्सी लगाउने प्राथमिकता पाउनेछ ।

ख) टिम “बी” ले पहिलो कलरको जर्सी लगाउन सक्नेछ यदि “ए” को जसी कलरसंग नजुधेमा,

ग) टिम “बी” ले दोस्रो कलरको जर्सी लगान सकनेछ यदि टिम “ए” को पहिलो जर्सी कलरसँग जुध्न गएमा,

घ) यदि टिम “ए” र टिम “बि” बिच दुवै पहिलो र दास्रो जर्सी कलर जुध्न गएमा दुवै टिमले पहिलोर दास्रो कलरको जर्सी नजुध्ने गरि खेल कमिश्नर र रेफ्रि एसेशोरको सहमति अुनसार मिलाएर लगाउन सक्नेछ ।

३) प्रत्येक खेलाडीले बुट र सिनप्याडको प्रयोग अनिवार्य रुपले गर्नु पर्नेछ भने गोल किपरले किपर पन्जा अनिवार्य रुपले प्रयोग गरेको हुनु पर्नेछ । साथै खेलाडीहरुले आफ्नो जर्सी कलरसँग मिल्ने टेपिङ्ग र रिचबेण्ड प्रयोग गर्न सकिनेछ भने आफ्नो जसी तथा जुराफसँग मेल नखाने अन्य रंगको टेपिङ्ग गर्न तथा गरगहना प्रयोग गर्न पाइने छैन ।

**नियम (१५) ग्राउण्ड रिपोटिङ्ग**

१) छनौट चरणमा सहभागी प्रत्येक टिमले खेल शुरु हुनु भन्दा कम्तिमा एक घण्टा अगाडी ग्राउण्डमा १० खेलाडी, एक प्रशिक्षक र १ टिम मेनेजर उपस्थित हुनु पर्नेछ । अन्तिम चरणको खेलमा पनि कम्तिमा एक घण्टा अगाडी १४ जना खेलाडी १ प्रशिक्षक, १ टिम मेनेजर र १ फिजियो सहित उपस्थित हुनु पर्दछ । उपरोक्त अनुसारका खेलाडी र अफिसियलहरु खेलाडी दर्ता नियमावली बमोजिम दर्ता रहेका खेलाडी र अफिसियल हुनु पर्नेछ । यसरी खेलाडी बक्समा बस्ने खेलाडीहरु तथा अफिशसयलहरुले खेल दौरान कुनै पनि इलेक्ट्रोनिक सामानहरु (जस्तै: मोवाइल, ल्यापटप,

ट्यावलेट र क्यामेरा आदि ) प्रयोग गर्न निषेध गरिएकोछ । यदि प्लेयर बक्समा रहेका अफिशियल तथा खेलाडिहरुले इलेक्ट्रोनिक सामान प्रयोग गरेको पाइएमा रु १०,०००/-(दश हजार रुपैया) अनिवार्य जरिवाना गरिनेछ ।

२) उपरोक्त ४ जना अफिसियल बाहेक क्लवका अध्यक्ष, महासचिव, पदाधिकारीहरु वा प्रायोजकहरु मध्ये २ जना क्लवका प्रतिनिधिले आफ्नो टिमको खेल भएको दिनमा एन्फाको स्वीकृति VIP पास लिई सुरु हुन पूर्व खेलको मध्यान्तरमा र खेलकृ समाप्ती पछि मात्र टेक्निकल एरियामा प्रवेश गर्न पनि पाउनेछ भने प्रत्येक टिमलाई संघले VIP पासको व्यवस्था गर्नेछ । उक्त VIP पासको दुरुपयोग गरिएको पाएमा सम्बन्धित क्लवलाई रु. २५,०००/-(पच्चिस हजार रुपैयाँ) जरिवाना गरिनेछ ।

**नियम (१६) प्रतियोगिता, रेफ्रि तथा अनुशासन समितिको काम, कर्तव्य र अधिकार**

१) प्रतियोगिता समिति
प्रतियोगिताको प्रत्येक खेल सुचारु रुपले संचालन गर्न समितिले गरेको निणर्य अन्तिम र मान्य हुनेछ ।

२) अनुशासन समिति
प्रतियोगिता दौरान अनुशासन समितिको निर्णय अन्तिम र मान्य हुनेछ अक्त निर्णय उपर कुनै अड्डा अदालतमा उजुर र अपिल लाग्ने छैन ।

३) रेफ्रि समिति
प्रतियोगिताका प्रत्येक खेलका लागि रेफ्रिहरु नियुक्ति गर्ने अधिकार यस समितिमा निहित रहनेछ । प्रतियोगिता अन्तर्गत प्रत्येक खेलको प्रतिवेदन रेफ्रि समिति मार्फत आयोजक समितिमा समाप्त भए पछि बुझाउनु पर्नेछ ।

**नियम (१७) रेफ्रिको भुमिका**

प्रतियोगिताका सम्पूर्ण खेलहरु संघले नियुक्ति गरेको रेफ्रिहरुले संचालन गर्नेछ । खेल दौरान रेफ्रिले लिएको निर्णय अन्तिम र मान्य हुनेछ । रेफ्रिको निर्णय उपर कुनै पनि अपिल लाग्ने छैन ।

**नियम (१८) चेतावनी र निष्काशन**

१) खेल दौरान कुनै खेलाडीले एक पटक पहेलो कार्ड पाएमा निज खेलाडिलाई चेतावनी मात्र दिइनेछ र सोही खेलाडीलाई पुन: अर्को पटक (प्रतियोगिताको अन्य खेलमा) पहेलो कार्ड (२ पटक) पाएमा निजलाई प्रतियोगिताको खेल खेल्नबाट निलम्बन गरिनेछ । एकै म्यात दौरान कुनै खेलाडीले दूई पहेलो कार्ड (रातो कार्ड) पाएमा निज खेलाडीले खेल मैदानबाट निष्काशित हुनु पर्नेछ साथै कार्डको गणना क्रमिक रुपले गर्दै जानेछ ।

२) खेल दौरान कुनै खेलाडीले एक पहेलो कार्ड पाइसके पछि अर्को खेलमा पहेलो कार्डका साथै थप रातो कार्ड पाएमा र सो खेल खेल्नबाट निलम्बित हुनेछ । साथै खेल दौरान कुनै खेलाडीले एक पहेलो कार्ड पाईसके पछि सोहि खेलाडीले सिधै रातो कार्ड (सोही खेलमा वा प्रतियोगिताको अन्य स्यानमा) पाएमा निज खेलाडीको पहिला पाएको पहेलो कार्ड गणना यथावन नै कायम राखिनेछ ।

३) खेल दौरान कुनै खेलाडिलाई सिधै रातो कार्ड पाएमा निज खेलाडीले खेल मैदानबाट निष्काशित हुनु पर्नेछ र आगामी सो खेल्नबाट निलम्बन गरिनेछ । साथै घटनाको प्रकृति हेरी थप अनुशानिक कारवाही समेत गर्न सकिनेछ ।

४)माथी उल्लेखित रुपमा खेलाडीहरुले पाएको पहेलो तथा रातो कार्ड पाउदाको अवस्थामा सो घटनाको गम्भीरतालाई छानविन गरि अनुशासन समितिले थप अनुशासनिका कारवाही समेत गर्न सकिनेछ ।

५) प्रतियोगिता दौरान सहभागी टिमका खेलाडीहरु, अफिशियलहरु वा टिमका समर्थहरुले खेल मैदानमा रहेका रेफ्रि, सहायक रेफ्रि, सुरक्षित रेफ्रि तथा आयोजक समितिका कुनै पनि पदाधिकारीहरुसँग अभद्र व्यवहार गरि गाली गलौच गरिएको पाइएमा, झै-झगडा गरेमा वा खेल अवरुद्ध गरेमा उक्त टिमलाई नै घटनाको गम्भिरताको जाँच गरि आवश्यक कारवाहीका साथै आर्थिक जरिवाना समेत गरिनेछ भने खेल दौरान कुनै पनि खेलाडिले खेल मैदान भित्र वा वाहिर रेफ्रि माथि हातपात गरि आक्रमण गरेमा त्यस्ता खेलाडीलाई घटीमा १ बर्ष देखी बढिमा ३ बर्ष सम्मका निम्ति फुटसल, फुटवल गतिविधि तथा खेल खेल्न निलम्बन गरि संघ संचालन गरेको वा संघको स्वीकृतिमा देशभरमा संचालन हुने कुनै पनि प्रतियोगिताहरुमा खेल्न प्रतिबन्ध लगाइनेछ । तत् सम्बन्धि कुनै उजुर विरोध लाग्ने छैन ।

६) खेल स्वच्छ खेल भावनाले खेल्नु पर्नेछ । मिलोमतोबाट खेलिने खेललाई निरुत्साहित गरिनेछ । क्लवहरु विच मिलोमतोबाट खेल खेलिएको ठहर भएमा उक्त दुवै टिमलाई आगामी बर्षको लागि प्रतियोगितामा सामवेश गराइने छैन ।

७) क्लव र खेलाडीहरु बिच मिलेमतो भएको सम्बन्धमा सम्बन्धित क्लबबाट उजुरी परको अवस्थामा उजुरी बमोजम ठहर भएमा सो खेलाडीलाई आर्थिक जरिवानाका साथै घटिमा ५ बर्ष सम्मका लागि निलम्बन गरिनेछ भने मिलेमतो गर्ने क्लवलाई सो खेलबाट कुनै पनि अंक प्रदान गरिने छैन । यस सम्बन्धमा आयोजक समितिले अन्य थप कारवाहीको निणर्य समेत गर्न सक्नेछ । यस सम्बन्धमा देशको प्रचलित कानुन बमोजि समेत कारवाही गरीनेछ ।

८) विश्व फुटवल महासंघ (FIFA) को आचार संहिता (FIFA Code of Conduct) अनुरुप यदि कुनै टिमले एकै खेलमा ५ वटा पहेलो कार्ड पाएमा वा ३ वटा रातो कार्ड पाएमा उक्त टिमलाई रु. ५,००० (पाँच हजार रुपैयाँ) जरिवाना लाग्नेछ ।

**नियम (१९) खेल बहिस्कार**

१) यस प्रतियोगितामा सहभागिता कुनै पनि टीमले प्रतियोगितामा सहभागी हुन क्लव दर्ता गराई सकेपछि वा खेल तालिका प्रकाशित गरि सकेपछि  खेल बहिष्कार गर्न पाउनेछ । खेल बहिष्कार गरेमा रु. १,००,०००/-(एक लाख रुपैयाँ) जरिवाना गरिनुका साथै बहिष्कार गर्ने टिमलाई थप आवश्यक अनुशासनिक कारवाही समेत गर्न सकिनेछ ।

२) यस प्रतियोगितामा सहभागी कुनै टिमले खेल दौरान खूल बहिष्कार गरेमा विपक्षी टोलीलाई स्वत:विजयी घोषित गरि ३ अंक र ३ गोलकृ प्राथमिकता दिइनेछ । बहिष्कार गर्ने टिमले उक्त खूल हारेको मानिनेछ । यसरी खूल बहिष्कार गर्ने टिमलाई नगद रु. १,५०,०००/-(एक लाख पचास हजार रुपैयाँ) समेत जरिवाना गरि प्रतियोगिताको बाँकी खेलहरुमा पनि सहभागिता गराईने छैन उक्त बहिष्कार गर्ने टिमको बाँकी टिमहरुसँगको खेलहरुमा पनि ३ अंक र ३ गोलको प्राथमिकता प्रदान गरि बाँकी टिमहरुलाई पनि विजयी घोषित गरिनेछ ।

**नियम (२०) स्थगित खेल**

प्राकृति प्रकोप, प्राविधि वा अन्य कुनै कारणले खेल स्थगित हुन गएको खण्डमा सो खेल पुन: खेलाउन मिति, समय र स्थानको निर्धारण गरि खेल पुन संचालन हुनु भन्दा कम्तिमा १२ घण्टा अगाडी एन्फाले सूचना जारी गर्नेछ जुन सूचना सहभागीता सबै टिमहरुलाई मान्य हुनेछ ।

यदि खराब प्रकाश (Less Visibility), खेल मैदान खेल्न योग्य नभएमा, खेल मैदानहरु तथा खेल समर्थक वा खेलाडीहरुको हस्तक्षेप वा अन्य प्राकृतिक प्रकोप र प्राविधिक कारण वश खेल स्थगित हुन गएको अवस्थामा अर्को दिन गोल तथा कार्डको गणना जे जस्तो अवस्थामा स्थगित भएको छ त्यही अवस्थाबाट बाँकी समय मात्र खेलाइनेछ ।

**नियम (२१) प्रेम सम्मेलन**

आयोजक समितिबाट पोष्ट खेल सम्मलेनको कार्यक्रम राखिएको भएमा यस प्रतियोगितामा सहभागी भएका टिमहरुले आ-आफ्नो टिमको खेल पश्चात खेल सकिएको १० मिनेट भित्र दुवै टिमका मुख्य प्रशिक्षकले पोष्ट खेलकन्फ्रेन्समा अनिवार्य सहभागि हुनु पर्नेछ । यदि कुनै टिमका मुख्य प्रशिक्षकले एक पोष्ट खेल कन्फ्रेन्समा उपस्थित नभएका त्यस्ता मुख्य प्रशिक्षकलाई आगामी प्रतियोगिताको एक खेलमा प्रशिक्षकको भुमिका निर्वाह गर्न निलम्बन गरिनेछ भने पोष्ट खेल ।

**परिच्छेद-४**

**मुल्याङ्कन तथा छनौट समिति**

उपरोक्त माथि उल्लेखित पुरस्कार एवं खेलाडी छनौट निष्पक्ष एवम् स्वछ ढंगबाट प्रदान गर्नका लागि तपशिलमा उल्लेखित ३ सदस्य निर्णायक समितिको गठन गरिनेछ । सो निर्णायक समितिको निणर्य अनुसार पुरस्कारहरु प्रदान गरिनेछ । साथै सघंले अन्य दुई जना आमन्त्रीत सदस्यहरुको व्यवस्था गर्नेछ ।

१) संयोजक-संघले तोकिएको फुटसल प्रशिक्षक १ जना

२) एन्फा फुटसल समितिबाट १ जना

## विविध

**नियम (१) वादविवाद**

यस प्रतियोगिता सम्बन्धमा कुनै पनि बाद विवादलाई समाधान गर्ने अन्तिम अधिकार संघमा निहित रहने छ ।

**नियम (२) नियमावलीको व्याख्या**

यस नियमावलीको विस्तृत व्याख्या गर्नु परेमा सोको अधिकार अखिल नेपाल फुटबल संघमा मात्र निहित रहने छ र सो सबै सहभागी टिमलाई मान्य हुनेछ ।

**नियम (३) संसोधन**

यस प्रतियोगिता नियमावलीमा संसोधन गर्नु परेमा प्रतियोगितामा सहभागि टिम/क्लवहरु र संघको आपसी सहमतिमा संसोधन गर्ने अधिकार संघमा मात्र निहित रहनेछ ।

**नियम (४) सर्वोपरिता**

यस नियमावलीलाई लागु गर्ने सर्वोपरिता संघमा मात्र अन्तर्निहत रहनेछ ।

**नियम (५) बाधा अड्काउ**

यस नियमावली बमोजिम कार्य गर्दा कुनै बाधाअड्काउ आएमा संघले आवश्यक निर्णय गरि बाधा अड्काउ फुकुवा गर्न सकिनेछ ।